निर्णयहरु :-

१. हाल मित्र राष्ट्र भारतका विभिन्न प्रान्तहरुमा कोभिड -१९ को संक्रमण बढिरहेको र हाम्रो देशमा पनि सो जोखिम बढ्ने सम्भावना रहेको छ। भक्तपुर जिल्लामा मनाइने विस्केट जात्रामा रथ तान्ने तथा लिङ्गो ठड्याउने काममा हजारौ भक्तजनहरु सहभागी हुने गरेको तथा सो भिडभाडले कोभिड -१९ को संक्रमण फैलिन गई भयावहको अवस्था सिर्जना हुन सक्ने सम्भावना रहेकोले यस वर्षको विस्केट जात्रामा पुजारीलाई मात्र राखेर पुजा गर्ने तथा रथ तान्ने र लिङ्गो ठड्याउने काम गत वर्ष जस्तै यस वर्ष पनि नगर्ने।

२. नयाँ वर्ष २०७८ को अवसरमा हुने पुजा, पाठ, सप्ताह र पिकनिक जस्ता कार्यक्रमले कोभिड -१९ को जोखिम बढ्ने सम्भावना रहेकोले यस्ता कार्यक्रम गर्दा सिमित संख्यामा कोभिड -१९ को मापदण्ड पालना गरेर मात्र गर्ने साथै पुजा, पाठ र जात्रा लगाएतका कार्यक्रम गर्दा डोली बोक्ने तथा रथ तान्ने जस्ता कार्य नगर्न, नगराउन समेत अनुरोध गर्ने।

३. यस जिल्लामा मनाइने जिब्रो छेड्ने तथा सिन्दुर जात्रामा अत्यधिक भिडभाड भई कोभिड-१९ को जोखिम बढ्ने सम्भावना रहेकोले यस्ता किसिमका कार्यहरु नगर्न, नगराउन सम्पुर्णमा अनुरोध गर्ने।

४. कोभिड-१९ संक्रमणको जोखिम नियन्त्रण गर्न कोभिड-१९ को मापदण्डको पालना तथा भिडभाड हुने गरी कुनै किसिमको कार्य नगर्न, नगराउन तथा प्रचार प्रसार लगायत जनचेतनामुलक कार्यक्रम गर्न सवै नगरपालिकाहरुलाई अनुरोध गर्ने।

५. कोभिड -१९ को जोखिम नियन्त्रणका लागी नेपाल सरकारवाट जारी भएको मापदण्डहरुको उल्लघन गर्नलाई संक्रामक रोग ऐन २०२० वमोजिम कारवाही गर्ने।